## महान्यायाधिवक्ताको कार्यालयको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन

## सार संक्षेप

नेपालको संविधानको धारा १५९ को उपधारा (१) मा महान्यायाधिवक्ताले प्रत्येक वर्ष संविधान र संघीय कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्ने व्यवस्था रहेको छ। उपधारा (२) मा यसरी पेश गरिने प्रतिवेदनमा अन्य कुराका अतिरिक्त महान्यायाधिवक्ताले वर्ष भरीमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण सहितको संख्या, सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, नेपाल सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनु पर्ने सुधार तथा अपराधका प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने व्यवस्था छ। सोही संवैधानिक व्यवस्था बमोजिम आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रस्तुत गरेको छु।

प्रस्तुत प्रतिवेदनमा आर्थिक वर्ष २०८१/०८२ मा गरिएका अभियोजन सम्बन्धी मुद्दाको विवरण, नेपाल सरकारको हक हित, सरोकार रहेका रिट तथा मुद्दामा गरिएका बहस पैरवी र प्रतिरक्षा, प्रदान गरिएका कानूनी राय सम्बन्धी विवरण, महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूमा रहेका स्रोत साधनको अवस्था, भौतिक स्थिति, जनशक्तिको विवरण, कार्य सम्पादनमा देखिएका समस्या र चुनौति तथा सुझावहरू समेटिएका छन्। वार्षिक प्रतिवेदनको सार संक्षेप देहाय बमोजिम प्रस्तुत गर्दछु:

### १. कानूनी राय

आर्थिक वर्ष २०८१/०८२ मा महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूसँग ५२ वटा विषयमा कानूनी राय माग भएकोमा ४७ वटा विषयमा राय प्रदान गरिएको छ।

### २. सरकार वादी मुद्दा तथा प्रतिरक्षा गरिएका रिट सम्बन्धी लगत

यस आर्थिक वर्षमा देशै भरीका अनुसन्धान निकायमा दर्ता भएका नेपाल सरकार वादी भएका मुद्दासँग सम्बन्धित कसूरको संख्या **५९,३५५** रहेकोमा सरकारी वकील कार्यालयबाट नेपाल सरकार वादी भई **४२,१०९ थान** मुद्दामा **६६,३८२ जना व्यक्ति उपर मुद्दा** चलाउने गरी निर्णय भएको छ भने **४५४७ थान** मुद्दामा **४,८४१ जान व्यक्ति उपर मुद्दा नचलाउने** निर्णय भएको छ। त्यसै गरी महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयबाट कुल **३०७५ प्रतिवादी** रहेका **२६१२ थान मुद्दामा मिलापत्रको आदेश** भएको छ।

महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयबाट अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनको जम्मा संख्या **१,२७,४०९** मा नेपाल सरकार बादी भएका मुद्दाको संख्या

**१,०५,०३६,** नेपाल सरकार उपर दायर भएका रिटको संख्या **१६,५१४** र अन्य निवेदनको संख्या **५,८५९** देखिन्छ। यो संख्या गत आर्थिक वर्षको भन्दा **३.९०** प्रतिशतले कमी हो।

## ३. मुद्दा, रिट निवेदन तथा अन्य निवेदनको फछ्र्यौट

सरकारी वकील कार्यालयबाट सम्बन्धित तहको अदालतमा दायर रहेका मुद्दा, रिट तथा निवेदन मध्ये **७५,१६५** थान फछ्र्यौट भएकोमा सरकारको पक्षमा फछ्र्यौट प्रतिशत **६६.३४** देखिन्छ।

## ४. कार्य बोझ

महान्यायधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयमा महान्यायाधिवक्ता - १, राजपत्रंकित विशिष्ट श्रेणीको नायब महान्यायाधिवक्ता - ४, राजपत्रांकित प्रथम श्रेणीको सहन्यायाधिवक्ता - ३८, राजपत्रांकित द्वितीय श्रेणीको उपन्यायाधिवक्ता / जिल्ला न्यायाधिवक्ता - १७४, राजपत्रांकित तृतीय श्रेणीको सहायक न्यायाधिवक्ता/ सहायक जिल्ला न्यायाधिवक्ता - ३०४ गरी जम्मा ५२१ संख्यामा सरकारी वकीलको दरवन्दी रहेकोमा ४९७ जना सरकारी वकीलको दरवन्दी पद पूर्ति भई २४ वटा पद पूर्ति हुन बाँकी रहेको अवस्था छ। यस आर्थिक वर्षमा रहेका कुल **१२७४०९** वटा मुद्दा, रिट तथा अन्य निवेदनलाई आधार मान्दा प्रति सरकारी वकील मुद्दाको संख्या **२९४.९३** र सम्पादन गर्नुपर्ने कुल संख्या **३८२०७५** लाई आधार मान्दा प्रति सरकारी वकील कार्यबोझको संख्या **८८४.४३** हुने देखिन्छ।

सरकारी वकीलको कूल दरबन्दी ५२१ मध्ये विभिन्न तहका ७३ जना सरकारी वकीलको दरबन्दी संवैधानिक आयोग तथा अन्य सरकारी निकायमा रहेका छन्। संक्रमणकालीन न्याय सम्बन्धी दुईवटा आयोगमा सरकारी वकीलका अस्थायी दरबन्दी रहेको हुँदा सरकारी वकीललाई काजमा खटाउनु परेको अवस्था छ।

## ५. बजेट

आर्थिक वर्ष २०८१/०८२ मा नेपाल सरकारबाट महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूको लागि **रू. १,३९,२४,०७,०००।- (१ अर्ब ३९ करोड २४ लाख ७ हजार रूपैंया)** विनियोजन भएको छ। यो देशको कुल बजेटको ०.०७४ प्रतिशत मात्र हो। महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकील र कर्मचारीहरूको तलब, भत्तामा भएको कुल खर्च **रू. ८३,११,५१,८४०।- (८३ करोड ११ लाख ५१ हजार ८ सय चालिस रूपैंया)** र कुल मुद्दा **१,२७,४०९** को अनुपात हेर्दा प्रति मुद्दा खर्च **रू ६,५२३.४९ (६ हजार ५ सय २३ रूपैंया उनान्पचास पैसा)** भएको देखिन्छ।

## ६. सरकारी वकील कार्यालयबाट सम्पादित मुद्दा बाहेकका अन्य महत्वपूर्ण कार्य

यस प्रतिवेदन अवधिमा सरकारी वकील कार्यालयबाट सम्पादित मुद्दा बाहेकका अन्य महत्वपूर्ण कार्य देहाय बमोजिम रहेका छन्:

- कसूरको अनुसन्धान, अभियोजन र प्रतिरक्षालाई थप प्रभावकारी बनाउन अनुगमन तथा निरीक्षण, कार्य सम्पादन समीक्षा र क्षमता विकास सम्बन्धी क्रियाकलाप सञ्चालन भएको छ।
- पीडित एवं साक्षीको सुरक्षा, अधिकारको संरक्षण गर्न हेलो साक्षी कार्यक्रम, समुदायमा सरकारी वकील कार्यक्रम र पीडित तथा साक्षीलाई परामर्श दिने कार्यक्रम सञ्चालन भएको छ।
- शंकित, कैदी बन्दी तथा निजहरूसँग आश्रित वालवालिकाहरूको मानव अधिकारको संरक्षणको लागि हिरासत, कारागार तथा वाल सुधार गृह अनुगमन मार्फत समस्या पहिचान गरी समाधानका लागि सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने कार्य गरिएको छ।
- मुद्दा तथा रिट निवेदनमा प्रभावकारी प्रतिरक्षा गर्न सरोकारवाला निकायसँगको समन्वय र सहकार्यलाई अभिवृद्धि गर्न विभिन्न अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन भएको छ।
- सरकारी वकील कार्यालयका भवन निर्माणका लागि जग्गा व्यवस्थापन तथा स्रोत सुनिश्चित गर्ने कार्य पनि भएको छ। यस वर्ष उच्च सरकारी वकील कार्यालय पाटन, दिपायल तथा जिल्ला सरकारी वकील कार्यालय, मनाङको भवन निर्माणको कार्य भइरहेको छ।
- सरकारी वकीलको कार्यसम्पादनमा उपयोगी विषयगत नजिर संग्रह, विभिन्न अनुसन्धानमूलक अध्ययन प्रतिवेदन लगायतका स्रोत सामग्रीहरू प्रकाशन र वितरण गरिएको छ।
- सरकारी वकीलको कार्यसम्पादनमा प्रभावकारीता ल्याउन अन्तर्राष्ट्रिय स्तरमा समन्वय, सहयोग र सहकार्य गर्रिदै आएको छ।
- सरकारी वकीलबाट सम्पादन गरिने मुख्य कार्यलाई केन्द्रमा राखी ५ लक्ष्य, २९ रणनीति र २०४ क्रियाकलाप समावेश गरी तर्जुमा गरिएको महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७८/०७९ - २०८२/०८३) कार्यान्वयनको अन्तिम वर्षमा रहेको छ।आगामी ५ वर्षको लागि रणनितिक योजना निर्माण गर्नको लागि योजना तर्जुमा समिती गठन गरी काम भइरहेको छ।

## ७. विद्यमान समस्या र सुझावहरू:

यस प्रतिवेदनमा सरकारी वकीलको कार्यसम्पादनसँग सम्बन्धित कानूनी, संस्थागत तथा व्यवहारिक विषयमा केन्द्रित रही विगतका आर्थिक वर्षहरूमा पेश गरिएका वार्षिक प्रतिवेदनहरूमा उल्लेख भएका तर कार्यान्वयन नभएका समस्या र सुझावहरूलाई समेत यस प्रतिवेदनमा निरन्तरता प्रदान गरी देहाय बमोजिम समस्या र समस्या समाधानका लागि सुझावहरू समेत उल्लेख गरिएको छ।

- फौजदारी कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा महान्यायाधिवक्ताको संयोजकत्वमा गठीत फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव कार्यदलको प्रतिवेदनमा उल्लेख भए बमोजिम विद्यमान फौजदारी कानून र कार्यविधिमा सुधार हुनुपर्ने देखिन्छ।
- बाल न्यायको सन्दर्भमा दिशान्तरको प्रभावकारी प्रयोगका लागि कानूनमा परिमार्जन गर्नुपर्ने देखिन्छ।

- पारस्परिक कानूनी सहायता ऐन, २०७० र नियमावली, २०७९ बमोजिमको केन्द्रीय अधिकारी अभियोजन निकाय हुनुपर्ने र अन्तर्राष्ट्रिय स्तरमा राज्यको तर्फबाट सरकारी वकीलले प्रतिनिधित्व गर्न सक्ने कानून र क्षमता विकास गरिनुपर्ने देखिन्छ।
- सरकारी वकील बाहेकका अधिकारीबाट हुने अभियोजन सम्बन्धी कार्यको थप प्रभावकारिता अपेक्षित छ।
- अदालतबाट निर्दोष सावित भएका अभियुक्त र कसूर पीडितलाई सहज रूपमा क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था हुनुपर्ने देखिन्छ।
- साक्षी संरक्षण सम्बन्धी कानून र संस्थागत संयन्त्रको व्यवस्थापन गर्नुपर्ने छ।
- रिट निवेदनमा लिखित जवाफ पेश गर्दा निवेदनमा उल्लेख गरिए बमोजिम जारी हुनु नपर्ने आधार कारणहरू स्पष्ट उल्लेख गर्ने तथा विपक्षी बनाईएका सरकारी निकायहरू बीच समन्वय गरी एकआपसमा नबाझिने गरी लिखित जवाफ तयार हुनु पर्ने देखिन्छ।
- नेपाल सरकारबाट महत्वपूर्ण निर्णयहरू गर्नु पूर्व कानूनी राय लिई निर्णय गर्ने अभ्यास गरिनु पर्ने र सरकारी वकील बाहेकका अधिकारी वा निकायबाट समेत कानूनी राय लिने/ दिने व्यवस्था अन्त्य गरिनुपर्ने देखिन्छ।
- सरकारी निकायबाट कानून बमोजिम र कानूनको उचित प्रक्रिया पूरा गरी निर्णय गर्नुपर्ने र मुद्दासँग सम्बन्धित प्रमाण कागज प्रतिरक्षाका लागि समयमै उपलब्ध गराउनुपर्ने देखिन्छ।
- दण्डका सुधारात्मक व्यवस्था सम्बन्धी प्रचलित कानूनको कार्यान्वयनका साथै अनुगमन संयन्त्रको व्यवस्था हुनुपर्ने देखिन्छ।
- अपराधको नविनतम् प्रवृत्ति अनुरूप अनुसन्धान अधिकारी र सरकारी वकीलको समय सापेक्ष रूपमा दक्षता अभिवृद्धि र क्षमता विकास गरिनुपर्ने छ।
- महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजनाले प्रक्षेपण गरेका क्रियाकलापको कार्यान्वयन गर्नका लागि कार्यालयलाई विनियोजन गरिने बजेट वृद्धि गर्नुपर्ने अवस्था छ।
- कार्यबोझको अनुपातमा सरकारी वकीलको संख्या, पर्याप्त बजेट र प्राविधिक जनशक्तिको व्यवस्थापन हुनुपर्ने देखिन्छ।
- जेन-जी आन्दोलनको क्रममा सरकारी वकील कार्यालयहरूको भौतिक संरचना तथा सवारी साधन र विद्युतीय सामाग्रीमा ठूलो क्षति भएको र त्यसबाट कार्य सम्पादनमा समेत कठिनाई भएको अवस्था हुँदा पुर्ववत रूपमा संचालनमा ल्याउन नेपाल सरकारबाट सोही अनुसार स्रोत व्यवस्थापन हुनुपर्ने देखिन्छ।